पोखरा विश्वविद्यालय,

# क्याम्पस (महाविद्यालय)/शिक्षण संस्थाको सम्बन्धन सम्बन्धी नियमावली, २०५६

स्वीकृत मितिः २०५६।०४।१० गते
पहिलो संशोधन मिति २०६६।०६।२०
दोस्रो संशोधन मिति २०७०।०५।२७
तेस्रो संशोधन मिति २०७२।०८।२७
चौथौ संशोधन मिति २०७३।०४।२७
पाँचौ संशोधन मिति २०७४।०४।३२

♠पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा ९ (ड) र दफा ४१ ले दिएको अधिकार प्रयोग गरी ऐनको दफा २० बमोजिम नयाँ कलेजलाई सम्बन्धन दिने, सम्बन्धन प्राप्त कलेजहरुलाई नयाँ कार्यक्रम थप गर्ने, समूह (सेक्सन) थप गर्ने र विद्यार्थी कोटा (सिट) थप गर्ने आदी सम्बन्धन सम्बन्धी कार्यहरुलाई व्यवस्थित गर्नका लागि पोखरा विश्वविद्यालय सभाले यो नियमावली बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम “पोखरा विश्वविद्यालय, क्याम्पस(महाविद्यालय)/शिक्षण संस्थाको सम्बन्धन सम्बन्धी नियमावली, २०५६” रहेको छ । (२) यो नियमावली तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “ऐन” भन्नाले पोखरा विश्वविद्यालय ऐन, २०५३ सम्झनु पर्दछ ।

(ख) “विश्वविद्यालय” भन्नाले पोखरा विश्वविद्यालय सम्झनु पर्दछ ।

(ग) “क्याम्पस (महाविद्यालय)” एवं “शिक्षण संस्था” भन्नाले विश्वविद्यालयसँग सम्बन्धन प्राप्त शिक्षण संस्था सम्झनुपर्दछ ।

(२) ऐनमा प्रयोग गरिएका शब्द र वाक्यांशहरु यस नियमावलीमा पनि प्रयोग भएकोमा प्रसँगवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरुको व्याख्या ऐनकै अनुरुप गरिनेछ ।

## परिच्छेद-२
## सम्बन्धन सम्बन्धि व्यवस्था

**३. सम्बन्धन प्राप्त गर्न आवेदन दिनुपर्नेः** (१) विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पस(महाविद्यालय) वा शिक्षण संस्थाले प्राविधिक प्रस्ताव संलग्न गरी अनुसूची-१ मा तोकिएको ढाँचामा अनुसूची-२ मा तोकिए बमोजिम आवेदन शुल्क बुझाई विश्वविद्यालय समक्ष आवेदन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धन प्राप्त गर्न विश्वविद्यालय समक्ष आवेदन दिंदा सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयले निर्धारण गरेको शैक्षिक, भौतिक, आर्थिक आदि मापदण्ड पूरा गरेको छ वा गर्नेछ भन्ने कुराको विश्वविद्यालयलाई विश्वास दिलाउनु पर्नेछ ।

♠(३) सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पस वा शिक्षण संस्थाले सम्बन्धन पाइसकेपछि २ वर्ष सम्म व्यवस्थापनमा हेरफेर, शिक्षक, कर्मचारीमा परिवर्तन र अन्य कुनै मूलभूत परिवर्तन गर्दा विश्वविद्यालयको अनुमति लिएर मात्रै

♠ चौथो संशोधनद्वारा संशोधित

गर्नुपर्ने र सो अवधि पछी त्यसोगर्दा विश्वविद्यालयलाई सो कुराको पूर्व जानकारी दिइने व्यहोरा आवेदन पत्रमा खुलाइएको हुनु पर्नेछ ।

४. **आवेदन उपर कारबाही:** (१) क्याम्पस वा शिक्षण संस्थाले सम्बन्धन प्राप्त गर्न नियम ३ बमोजिम गरेको आवेदन उपर छानवीन गर्न आवश्यक र उपयुक्त देखेमा कार्यकारी परिषद्ले आवश्यकतानुसार आफैंले छानवीन गर्न वा छानवीन गर्नका लागि कार्यकारी परिषद्का सदस्य वा सदस्यहरुलाई तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमका छानवीन पछि प्राप्त प्रतिवेदन उपर प्राज्ञिक परिषद्को राय सल्लाह लिई कार्यकारी परिषद्ले पूरै वा आंशिक रुपमा सो आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ । आवेदन अनुसार माग गरिएको पूरै वा केही शैक्षिक कार्यक्रमलाई सम्बन्धन दिन नमिल्ने भए सोको कारण आवेदकलाई सूचित गरिनेछ ।

(३) उपनियम (२) बमोजिम आवेदन स्वीकृत भएमा सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाले आफ्नोसंचालक समितिमा विश्वविद्यालयको प्रतिनिधि सदस्य रहने व्यवस्था गरी आफ्नो विधान नियमावली वा अन्य लिखतहरुमा संशोधन गर्नु पर्नेछ ।

♣♣५. **अस्थायी सम्बन्धन प्रदान गर्ने:**

१) नियम ४ को उपनियम (२) बमोजिम आंशिक रुपमा सम्बन्धन र पूर्ण सम्बन्धन दिइने अवस्थामा साधारण र प्राविधिक दुवै विषयमा स्नातक तहमा बढीमा ४ वर्ष सम्मको लागि र स्नातकोत्तर तहमा बढीमा ३ वर्ष सम्मको अवधिकालागि अस्थायी सम्बन्धन प्रदानगरिने छ ।

२) उपनियम (१) बमोजिम कुनै पनि कलेज (महाविद्यालय) / शिक्षण संस्थालाई अस्थायी सम्बन्धन प्रदान गरिएमा विश्वविद्यालयले सम्बन्धन प्रदान गरिएका कार्यक्रमको पाठ्यक्रम र अध्ययनको समयाबधि तोकिदिनेछ ।

३) उपनियम (१) बमोजिम अस्थायी सम्बन्धन प्रदानगरि सन्चालनमा रहेका कार्यक्रमहरुको लागि प्रत्येक पाँच पाँच वर्षमा कार्यकारी परिषद्ले तोके बमोजिमको शुल्क लिई नविकरण गर्दै जानुपर्नेछ ।

♦५क. **संयुक्तरुपमा कार्यकम सञ्चालन गर्ने** : विश्वविद्यालयले सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थासँग मिलि सम्बन्धित मन्त्रालयको स्विकृतीमा आवश्यक सम्झौता गरि शैक्षिक कार्यकम सञ्चालन/विस्तार गर्न सक्नेछ । यस सम्बन्धमा आवश्यक प्रकृया तोक्ने र निर्णय गर्ने अधिकार कार्यकारी परिषदलाई हुनेछ । यसप्रकार संयुक्तरुपमा कार्यकम सञ्चालन गर्ने विषयमा कार्यकारी परिषद्ले अन्तिम निर्णय गर्नुपूर्व प्राज्ञिक परिषद्को रायसल्लाह लिनु आवश्यक हुनेछ ।

६. **स्थायी सम्बन्धन प्रदान गर्ने:** (१) सम्बन्धनका सबै शर्तहरु पूरा गरी विश्वविद्यालयले समय समयमा निर्धारण गरेको शैक्षिक, भौतिक र प्रशासनिक स्तर कायम गरी एक अवधिसम्म निरन्तर अस्थायी सम्बन्धन प्राप्त गरी सकेका क्याम्पस वा शिक्षण संस्थालाई सम्बन्धित विद्या परिषद्को सिफारिसमा कार्यकारी परिषद्ले स्थायी सम्बन्धन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थायी सम्बन्धन दिनु अघि सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाले अस्थायी सम्बन्धन प्राप्त गरेको अवधिभर गरेको काम कारबाहीको विवरण विद्यापरिषद् मार्फत कार्यकारी परिषद् समक्ष पठाउनु पर्नेछ र कार्यकारी परिषद्ले विवरण प्राप्त भएपछि आवश्यक र उपयुक्त देखेमा आफ्ना सदस्य वा सदस्यहरु खटाई निरीक्षण समेत गराई प्राप्त प्रतिवेदन उपर प्राज्ञिक परिषद्को राय सल्लाह लिई स्थायी सम्बन्धन सम्बन्धी निर्णय गर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त आवेदन उपर विचार गर्दा सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाले स्थायी सम्बन्धनका लागि निर्धारित शैक्षिक, भौतिक, आर्थिक आदि मापदण्ड अधिकांश पूरा गरेको तर केही पूरा गर्न बाँकी रहेको पाइएमा अर्को एक अवधिका लागि कार्यकारी परिषद्ले त्यस्तो क्याम्पस वा शिक्षण संस्थालाई अस्थायी सम्बन्धन थप गर्न सक्नेछ ।

⊕६क) **सम्बन्धन प्राप्त कलेजको स्थान र स्वामित्व परिवर्तन** :

१) सम्बन्धन प्राप्त कलेजको स्थान परिवर्तन गर्नु परेमा कलेज सञ्चालक समितिको सो सम्बन्धी निर्णय र प्रस्तावित स्थानमा उपलब्ध भौतिक पुर्वाधारहरुको पुर्ण विवरण समावेश गरी विश्वविद्यालय समक्ष स्थान परिवर्तनकालागि निवेदन दिनुपर्नेछ ।

२) सम्बन्धन प्राप्त कलेजको स्वामित्व परिवर्तन गर्नु परेमा कलेज सञ्चालक समितिको सो सम्बन्धी निर्णय समेत समावेश गरी विश्वविद्यालय समक्ष स्वामित्व परिवर्तनकालागि निवेदन दिनुपर्नेछ ।

---

♦ चौथो संशोधनद्वारा थप

♣♣ पाँचौं संशोधनद्वारा संशोधित

⊕ पाँचौं संशोधनबाट थप

३) विश्वविद्यालयको पूर्व स्वीकृति वेगर स्थान र स्वामित्व परिवर्तन गर्न पाईने छैन । स्थान र स्वामित्व परिवर्तन गर्नु पूर्व सो वापत तोकिएबमोजिमको शुल्क विश्वविद्यालयमा जम्मा गर्नुपर्नेछ ।

♠७. **आवेदन फिर्ता लिन सकिने**: आवेदकले आफ्नो सम्बन्धन सम्बन्धी आवेदन फिर्ता लिन चाहेमा नियम ४ (२) बमोजिम कार्यकारी परिषद्ले आवेदन स्वीकृत वा अस्वीकृत गर्नु अगावै आवेदन फिर्ता लिन सक्नेछ । कार्यकारी परिषदबाट आवेदन फिर्ता गर्नेबारे निर्णय भएपछि आवेदन दर्ता गर्दा विश्वविद्यालयलाई बुझाएको आवेदन दर्ता शुल्क आवेदकलाइ फिर्ता दिइने छ ।

## परिच्छेद-३

## सम्बन्धन सम्बन्धी अन्य व्यवस्था

८. **सम्बन्धन दिने आधारहरु**: विश्वविद्यालयले सम्बन्धन प्रदान गर्दा यस नियमावलीमा अन्यत्र लेखिएका कुराहरुका अतिरिक्त निम्न लिखित कुराहरुलाई समेत आधार बनाउनेछ:-

(क) सम्बन्धन दिइने क्याम्पस वा शिक्षण संस्था स्थापना हुने स्थान वा क्षेत्रको उच्च शिक्षाको वर्तमान अवस्था, सो क्षेत्रमा हाल संचालित उच्च माध्यामिक विद्यालय, क्याम्पस वा शिक्षण संस्थाहरुको संख्या र तिनमा अध्ययनरत विद्यार्थीहरुको संख्या ।

(ख) सम्बन्धन माग भएको स्थान र क्षेत्रमा प्रस्तावित शैक्षिक कार्यक्रमको पठन पाठन र व्यवहारिक अध्ययन सम्बन्धी स्थिति तथा स्थानीय आवश्यकता ।

♣♣(ग) नेपाल सरकारको उच्चशिक्षा सम्बन्धी नीति योजना र कार्यक्रमसंग नवाभ्किनेगरी विश्वविद्यालयका आंगिक कलेज तथा स्कूल अन्तर्गत सञ्चालित कार्यक्रममा मात्र नयाँ सम्बन्धन दिन तथा कार्यक्रम थप गर्न सकिनेछ । तर यस प्रावधानले हाल सञ्चालनमा रहेका कलेज (महाविद्यालय) स्कूलहरुमा कार्यक्रम थप तथा समुह थपको प्रक्रियामा रहेकाको हकमाभने सम्बन्धन दिनकुनै बाधा पर्ने छैन ।

९. **सम्बन्धन दिइने तह**: विश्वविद्यालयले सामान्यतया: स्नातक तहका शैक्षिक कार्यक्रमहरुको सञ्चालन गर्नका लागि सम्बन्धन प्रदान गर्नेछ तर विश्वविद्यालयले उपयुक्त ठानेमा स्नातकोत्तर र विद्यावारिधि तहका शैक्षिक कार्यक्रम सञ्चालनका लागि पनि सम्बन्धन प्रदान गर्न सक्नेछ ।

♠ १०. **सम्बन्धनमा थप शैक्षिक कार्यक्रमहरु समावेश गर्न सकिने**: सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले सम्बन्धनमा पहिले उल्लेख भएका शैक्षिक कार्यक्रमहरु बाहेक थप शैक्षिक कार्यक्रमहरु समावेश गर्न चाहेमा यस नियमावलीमा उल्लेखित सबै प्रक्रिया पूरा गर्नु पर्नेछ । तर सम्बन्धन प्राप्त गरिसकेको कार्यक्रमको समूह (सेक्सन) थप र विद्यार्थी कोटा (सिट) थप गर्न चाहेमा साधारण विषयको हकमा विश्वविद्यालयले तोकेको शूल्क तिरी आवश्यक भौतिक सुविधाको निरीक्षण र प्राविधिक विषयको हकमा प्राविधिक मूल्याङ्कन गराउनु पर्नेछ । यसको साथसाथै समूह (सेक्सन) थप र विद्यार्थी कोटा (सिट) थपको लागि सम्बन्धित काउन्सिलको स्वीकृत पत्र पेश गर्नु पर्नेछ ।

११. **सम्बन्धन प्राप्त नगरी विद्यार्थी भर्ना गर्न नहुने**: (१) सम्बन्धनको माग गर्ने नयाँ क्याम्पस वा शिक्षण संस्था तथा नयाँ शैक्षिक कार्यक्रमको सम्बन्धन माग गर्ने पुरानो क्याम्पस वा शिक्षण संस्थाले सम्बन्धन प्राप्त नगरी त्यस्तो नयाँ क्याम्पस वा शिक्षण संस्था तथा पुरानो क्याम्पस वा शिक्षण संस्थामा सञ्चालन गरी नयाँ शैक्षिक कार्यक्रममा विद्यार्थी भर्ना गर्न पाइने छैन ।

(२) कुनै पनि शैक्षिक कार्यक्रममा विश्वविद्यालयले तोकेको संख्या भन्दा बढी विद्यार्थी भर्ना लिन पाइने छैन र तोकिएको भन्दा बढी संख्यामा भर्ना लिइएको पाइएमा त्यस्ता विद्यार्थीको भर्ना रद्द हुनेछ । यसरी भर्ना रद्द भएका विद्यार्थीलाई भर्ना लिने क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयबाट संचालित कुनै पनि परीक्षामा समावेश गराउन वा परीक्षा दिलाउन पाउने छैन ।

---

♠ चौथो संशोधनद्वारा संशोधित

♣♣ पाँचौं संशोधनद्वारा संशोधित

१२. **विद्यार्थीको नाम दर्ता गर्नुपर्ने र छात्रवृत्ति दिनुपर्ने:** (१) सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थामा भर्ना हुने प्रत्येक विद्यार्थीको नाम विश्वविद्यालयमा दर्ता हुनु पर्नेछ । नाम दर्ता नभएका विद्यार्थीहरुले विश्वविद्यालयबाट संचालित कुनै पनि परीक्षामा सम्मिलित हुन पाउने छैन ।

(२) उपनियम (१) बमोजिम नाम दर्ता गर्न तोकिएको शुल्क बुझाई विश्वविद्यालय समक्ष अनुसूची -३ बमोजिमको ढाँचामा सम्बन्धित क्याम्पस वा शिक्षण संस्था मार्फत निवेदन दिनु पर्नेछ । यसरी तोकिएको शुल्क बुझाई दर्ता हुन निवेदन दिने विद्यार्थीको नाम विश्वविद्यालयले ३० दिनभित्र दर्ता गरी नाम दर्ता भएको प्रमाणपत्र निस्सा सम्बन्धित क्याम्पस वा शिक्षण संस्थामार्फत उपलब्ध गराउनेछ ।

♣(३)सम्बन्धन प्राप्त कलेज वा शिक्षण संस्थाले स्वीकृत विद्यार्थी संख्याको कम्तीमा **दश** प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुपर्नेछ । यस्तो छात्रवृत्तिको लागि पोखरा विश्वविद्यालय, छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ अनुसार विश्वविद्यालयले छनौट गरी पठाउनेछ ।

**प्रस्टीकरण:** निजी क्षेत्रका शैक्षिक संस्थाहरुमा स्वदेशी लगानीकर्ता भए दश प्रतिशत र विदेशी लगानीकर्ता भए बीस प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।

१३. **पाठ्यक्रम:** (१) सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले स्वीकृति पाएका शैक्षिक कार्यक्रमको पाठ्यक्रममा तोकिएको शैक्षिक तथा अन्य आवश्यकता पूरा हुने गरी अध्ययन अध्यापन सञ्चालन गर्नु पर्नेछ ।

♠(२) विश्वविद्यालयले पाठ्यक्रममा परिवर्तन वा परिमार्जन भएमा सो कुराको जानकारी सम्बन्धित क्याम्पस वा शिक्षण संस्थालाई दिइनेछ । पाठ्यक्रममा परिवर्तन वा परिमार्जनका लागि विश्वविद्यालयले सम्बन्धन प्राप्त कलेजहरुबाट पाठयकम विकास शुल्क लिनेछ ।

१४. **परीक्षा:** (१) सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयको परीक्षा सम्बन्धी नियम तथा निर्देशिकाको पालना गर्नु पर्नेछ ।

(२) विश्वविद्यालयले तोकेको परीक्षा तालिका अनुसार सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाका विद्यार्थीहरुको परीक्षा विश्वविद्यालयले तोकेको समय र स्थानमा सञ्चालन हुनेछ ।

१५. **उपाधि प्रदान गर्ने :** सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थामा भर्ना भई पाठ्यक्रम अनुसारको अध्ययन पूरा गरी नियम १४ बमोजिम लिइएको परीक्षामा सफल हुने विद्यार्थीहरुलाई विश्वविद्यालयले सम्बन्धित उपाधि प्रदान गर्नेछ ।

१६. **निरीक्षण:** (१) विश्वविद्यालयले तोकेको विशेषज्ञहरुको टोलीबाट सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाको नियमित निरीक्षण हुनेछ ।

(२) यसरी तोकिएका निरीक्षण टोलीले माग गरेको जानकारी वा तथ्यांक उपलब्ध गराउनु सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाको संचालक समिति र संचालक समितिका पदाधिकारी तथा सदस्यहरुको कर्तव्य हुनेछ ।

(३) निरीक्षण टोलीले निरीक्षण गर्दा विश्वविद्यालयको ऐन, नियम र निर्धारित मापदण्डहरुको पालना भएको नपाइएमा त्रुटीहरु सच्याउन सम्बन्धित क्याम्पस वा शिक्षण संस्थालाई आदेश दिनु पर्ने ठहऱ्याएमा सो कुरा निरीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको निरीक्षण प्रतिवेदन उपर विचार गरी विश्वविद्यालयले उपयुक्त र आवश्यक आदेश निर्देशन दिन सक्नेछ र यसरी दिइएको आदेश एवं निर्देशन सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१७. **प्रतिवेदन पेश गर्नुपर्ने**: ♣♣(१) सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले प्रत्येक वर्ष आफ्नो कामकारवाहीको प्रगति प्रतिवेदन अन्य आवश्यक सूचना तथा तथ्यांक विश्वविद्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

---

♣ तेस्रो संशोधनद्वारा संशोधित

♠ चौथो संशोधनद्वारा संशोधित

♣♣ पाँचौं संशोधनद्वारा संशोधित

(२) उपनियम (१) मा लेखिए बाहेक विश्वविद्यालयले माग गरेका बखत सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले आफूसँग सम्बन्धित सूचना र तथ्यांक विश्वविद्यालय समक्ष तत्कालै पेश गर्नु पर्नेछ ।

## परिच्छेद -४

## ♠सम्बन्धन कटौति, स्थगन वा खारेजी

♠१८. **सम्बन्धन कटौति, स्थगन वा खारेजी हुने**: सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले सम्बन्धनका लागि तोकिएको मापदण्डहरु पूरा गर्न नसकेमा वा विश्वविद्यालयको ऐन, नियम, आदेश, निर्देशन विपरित कार्य गरेमा वा शैक्षिक उद्देश्य विपरित हुने गरी कार्य गरे गराएको पाइएमा वा झूठो विवरण पेश गरेमा त्यस्ता क्याम्पस वा शिक्षण संस्थाले प्राप्त गरेको सम्बन्धन पूरै वा आंशिक रुपमा कटौती, स्थगन वा खारेज हुन सक्नेछ । सम्बन्धन प्राप्त गरेका शैक्षिक कार्यक्रममा लगातार ३ बर्षसम्म पनि विद्यार्थी भर्ना गरि पठनपाठन सञ्चालन गरिएको नभएमा (नगरिएमा) त्यस्ता शैक्षिक कार्यक्रमको सम्बन्धन अनुमति कटौती सम्बन्धी निर्णय कार्यकारी परिषदबाट गरिनेछ । तर यसरी सम्बन्धन कटौती, स्थगन वा खारेज गर्नु अघि सम्बन्धित क्याम्पस वा शिक्षण संस्थालाई सफाइको मनासिब मौका दिइनेछ ।

१९. **सम्बन्धन स्थगन वा खारेज गर्ने प्रक्रियाः** (१) नियम १८ बमोजिम सम्बन्धन स्थगन वा खारेज गर्नु पर्ने अवस्था सिर्जना भएको कुरा जानकारीमा आएमा कार्यकारी परिषद्ले सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाका प्रमुखलाई तत्सम्बन्धमा निश्चित अवधि तोकी स्पष्टिकरण पेश गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाका प्रमुखबाट स्पष्टिकरण पेश भएपछि कार्यकारी परिषद्ले तत्सम्बन्धमा आवश्यक छलफल गरी आफ्ना सदस्य वा सदस्यहरुबाट सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाको सुपरीवेक्षण गराई प्राज्ञिक परिषद्को परामर्श लिई आफ्नो राय सहितको प्रतिवेदन विश्वविद्यालय सभामा पठाउनु पर्नेछ ।

(३) कार्यकारी परिषद्बाट उपनियम (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि विश्वविद्यालय सभाले आवश्यक र उपयुक्त ठानेमा छानवीन समेत गराई सम्बन्धन स्थगन वा खारेजी सम्बन्धमा निर्णय गर्नेछ ।

⊕१९क) सम्बन्धन त्याग गर्न सक्ने :

१) पोखरा विश्वविद्यालयबाट सम्बन्धन त्याग गर्न चाहने कलेज वा शैक्षिक संस्थाले सम्बन्धन त्याग गर्नु पर्नाको औचित्य पुष्टि हुने सम्बन्धित संस्थाको आधिकारिक निर्णय सहित रितपूर्वक निवेदन एक वर्ष पहिलेनै विश्वविद्यालयमा दिनुपर्ने छ ।

२) उपनियम (१) वमोजिम सम्बन्धन त्यागकालागि निवेदन गर्ने कलेज वा शैक्षिक संस्थाले निवेदन गरे पश्चात नयाँ विद्यार्थी भर्ना लिन पाउने छैन । निवेदन पेश गरेकावखत सञ्चालनमा रहेका कार्यक्रममा भर्ना भइसकेका विद्यार्थीहरुको पठन पाठन पूरा गर्न वा सो तह सम्पन्न गर्न लाग्ने वाँकी अवधिसम्मको आर्थिक लगायत अन्य दायित्व सम्बन्धित कलेज वा शैक्षिक संस्थाको रहनेछ । यस प्रकार विद्यार्थीहरुको दायित्व लगायतका विषयमा अध्ययन गरी सम्बन्धन त्याग सम्बन्धी व्यवस्थापन योजना (Management Plan) तयार गर्न विश्वविद्यालय कार्यकारी परिषदले एक अध्ययन टोली गठन गर्न सक्नेछ । सोही टोलीको प्रतिवेदनका आधारमा कार्यकारी परिषद्ले सम्बन्धन त्याग सम्बन्धी निवेदन माथि कार्यवाही गर्नेछ ।

२०. **सम्बन्धन स्थगन वा खारेजीको सूचना:** नियम १९ को उपनियम (३) बमोजिम विश्वविद्यालय सभाको निर्णयबाट कुनै क्याम्पस वा शिक्षण संस्थाको सम्बन्धन स्थगन वा खारेज भएमा त्यस्तो कारण समेत उल्लेख गरी सम्बन्धन स्थगन वा खारेजीको आदेश सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थालाई त्यस्तो निर्णय भएको मितिले तीस दिनभित्र दिईसक्नु पर्नेछ ।

---

♠ चौथो संशोधनद्वारा संशोधित

⊕ पाँचौं संशोधनद्वारा थप

२१. **सम्बन्धन स्थगन वा खारेज भएमा अध्ययन पूरा गराउने दायित्व व्यहोर्नु पर्ने:** (१) सम्बन्धन स्थगन वा खारेज भएमा सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले नयाँ विद्यार्थी भर्ना गर्न पाउने छैन । तर भर्ना भई सकेका विद्यार्थीको हकमा सो तह पूरा गर्न लाग्ने बाँकी अवधिसम्म अध्ययन पूरा गर्नु पर्ने दायित्व सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाले व्यहोर्नु पर्नेछ ।

(२) सम्बन्धन स्थगन वा खारेज भएका क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयबाट आफूलाई प्राप्त भएका सबै चल अचल सम्पत्ति विश्वविद्यालयलाई तुरुन्त फिर्ता गर्नु पर्नेछ ।

परिच्छेद-५

## विविध

२२. **सम्बन्धन प्राप्त क्याम्पस/शिक्षण संस्थाले बुझाउनु पर्ने शुल्कहरु:** (१) प्रत्येक सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयले तोकिदिएको देहाय बमोजिमका शुल्कहरु निर्धारित समयभित्र विश्वविद्यालयलाई बुझाउनु पर्नेछ :-

(क) आवेदन दर्ता शुल्क ।

(ख) वार्षिक सम्बन्धन शुल्क ।

(ग) विद्यार्थी दर्ता शुल्क ।

(घ) परीक्षा शुल्क ।

(ङ) प्रमाणपत्र शुल्क ।

♥ (च) निरीक्षण शुल्क ।

♦ (छ) शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन शुल्क

♦ (ज) अनुसन्धान शुल्क

(झ) तोकिएका अन्य शुल्क ।

(२) विश्वविद्यालयबाट तोकिएका शुल्कहरु र शुल्कका दरहरु समय समयमा परिवर्तन हुन सक्नेछ ।

२३. **खर्च व्यहोर्नु पर्ने**: (१) सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले यस नियमावली बमोजिम निरीक्षण, छानवीन सुपरीवेक्षणका लागि र पाठ्यांशहरुको गुणस्तर निरीक्षण गर्न, पाठ्यांश निर्माण गर्न लाग्ने सम्पूर्ण खर्चहरु व्यहोर्नुपर्नेछ ।

♠(२) सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयलाई अनुसुची २ मा तोकिएबमोजिमका निरीक्षण शुल्क, शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन शुल्क र अनुसन्धान शुल्क प्रत्येक आ. व. को पहिलो महिना भित्र भुक्तानि गरि सक्नुपर्नेछ ।

२४. **सम्बन्धन शुल्क:**

♣♣१) सम्बन्धन प्राप्त कलेज वा शिक्षण सस्थाले विश्वविद्यालयलाई दिनु पर्ने सम्बन्धन शुल्क लगायत अन्य शुल्कहरु अनुसुचि २ मा तोकिएबमोजिम हुनेछ ।

२) उपनियम (१)बमोजिमको सम्बन्धन शुल्क हरेक शैक्षिक सत्र शुरु भएको ४५ दिनभित्र विश्वविद्यालयमा भुक्तानी गरि सक्नुपर्नेछ ।

३) कार्यकारी परिषद्ले समय समयमा सम्बन्धन शुल्क थपघट वा परिवर्तन गर्न सक्नेछ ।

---

♥ चौथो संशोधनद्वारा शुल्कको व्यवस्था

♦ चौथो संशोधनद्वारा थप भएको

♣♣४) विश्वविद्यालयवाट सम्बन्धन प्राप्त गरेका कलेज वा शिक्षण सस्थाहरुबाट सम्बन्धनको प्रक्रियामा धरौटी वापत विश्वविद्यालयमा प्राप्त भएको रकमलाई विश्वविद्यालयले एक छुट्टै धरौटी खाता खोली सोही खातामा रकम जम्मागर्नेछ ।

२५. **अक्षय कोष:** सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले विश्वविद्यालयले तोकेको बैङ्क वा वित्तिय संस्थामा अक्षय कोष खडा गरी कार्यकारी परिषद्ले तोकेको रकम जम्मा गर्नु पर्नेछ । उक्त कोषको साँवा रकम खर्च गर्न पाइने छैन । व्याजको ७५% (पचहत्तर प्रतिशत) रकम क्याम्पस वा शिक्षण संस्थाको भौतिक विकास निर्माण, शैक्षिक विकास कार्यमा खर्च गर्नु पर्नेछ र बाँकी २५% (पच्चीस प्रतिशत) अक्षय कोषमा नै थप गर्दै लैजानु पर्नेछ ।

२६. **विश्वविद्यालय जवाफदेही नहुने**: सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले गरेको कुनै प्रकारको आर्थिक एवं अन्य काम कारबाही कारोबार र दायित्व प्रति विश्वविद्यालय जवाफदेही हुने छैन ।

२७. **आदेश वा निर्देशन दिन सक्ने:** कार्यकारी परिषद्ले आवश्यक ठानेमा सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थालाई यस नियमावलीमा लेखिए बाहेक अन्य थप आदेश वा निर्देशन दिन सक्नेछ र यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित क्याम्पस वा शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

२८. **अधिकार प्रत्यायोजन:** कार्यकारी परिषद्ले यस नियमावली अन्तर्गत आफूलाई प्राप्त अधिकारहरुमध्ये आंशिक वा सम्पूर्ण अधिकार उपकुलपति, प्राज्ञिक परिषद् वा कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **नियमको व्याख्या:** यस नियमको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

३०. **बाधा अड्काउ फुकाउने:** यस नियमावली बमोजिम काम कारबाही गर्दा गराउँदा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

३१. **अनुसूचीहरुमा हेरफेर:** यस नियमावली अन्तर्गत अनुसूचीहरुमा थपघट वा हेरफेर गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

३२. **नियमावलीमा नपरेका कुराहरुका सम्बन्धमा:** यस नियमावलीमा उल्लेख भएका कुराका हकमा यसै नियमावली बमोजिम हुनेछ र सो बाहेकका कुराहरुका हकमा ऐन र विश्वविद्यालय सभाको निर्णयसँग नबाझिने गरी कार्यकारी परिषद्ले आवश्यक निर्णय गर्न सक्नेछ । यसरी कार्यकारी परिषद्को निर्णय अनुसार भए गरेका कार्यहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

Φ**३३.** सम्बन्धन प्राप्त कलेज वा शैक्षिक संस्थाले आफ्नो लेटर प्याड, बोर्ड र विज्ञापनमा आफ्नो नाम पछाडि "पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त" भनेर अनिवार्य लेख्नु पर्नेछ ।

---

Φ पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-१

**(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)**

श्री पोखरा विश्वविद्यालय,
कास्की, पोखरा ।

**विषय :-** सम्बन्धन प्राप्ति सम्बन्धी दरखास्त ।

देहायमा उल्लेखित क्याम्पस/शिक्षण संस्थालाई तपसिलमा उल्लेख भएको शैक्षिक कार्यक्रम सञ्चालन गर्न सम्बन्धन पाऊँ ।

१. प्रस्तावित क्याम्पस/शिक्षण संस्थाको नाम :-
२. क्याम्पस/शिक्षण संस्था अधिकार प्राप्त निकायमा दर्ता भएको मिति, निकाय र तत्सम्बन्धी प्रमाण :-
३. सम्बन्धन प्राप्त गर्न चाहेको शैक्षिक कार्यक्रम सम्बन्धी विवरण :
  (क) शैक्षिक कार्यक्रमको नाम :-
  (ख) तह (स्नातक/स्नातकोत्तर/विद्यावारिधी) :-
  (ग) वार्षिक भर्ना संख्या :-
  (घ) भर्नाका लागि आवश्यक योग्यता :-
  (ङ) कोर्सको अवधि :-
  (च) शैक्षिक सत्र प्रारम्भ हुने मिति :-

४. प्रयोगशालाको प्रकार र प्रत्येक प्रयोगशालाका मुख्य सामाग्रीको सूची :-
५. शैक्षिक सुविधाहरुको विवरण :-
६. प्रत्येक शैक्षिक कार्यक्रमको लागि उपलब्ध शैक्षिक तथा प्रशासनिक जनशक्तिको विवरण :-
  (क) शिक्षक/प्राविधिक/प्रशासनिक कर्मचारीहरुको तह र संख्या, शैक्षिक योग्यता र व्यवसायिक अनुभव :-
  (ख) सहायक स्तरका प्राविधिक र प्रशासनिक कर्मचारीहरुको तह र संख्या, शैक्षिक योग्यता र व्यवसायिक अनुभव :-

७. क्याम्पस/शिक्षण संस्थाको साँगठनिक तालिकाः-

८. पुस्तकालय तथा पुस्तकालय सामाग्रीहरुः-
९. भौतिक सुविधाको विवरणः-
  (क) जमीनको क्षेत्रफलः-
  (ख) भवनको संरचनाः-
    (१) शैक्षिकः- कक्षाकोठा/ प्रयोगशाला/पुस्तकालय आदि ।
    (२) आवासः- शिक्षक, कर्मचारी आवास/विद्यार्थी आवास ।
    (३) खेलकूद मैदान ।
१०. स्वास्थ्य सेवाः-
११. यातायात सेवाः-
१२. अनुसन्धान, परामर्श विकास कार्यक्रमः-
१३. संचालक समितिको गठन, काम कर्तव्य र अधिकार तथा संचालकहरुको नामावलीः-
१४. क्याम्पस/शिक्षण संस्थाको स्थापना सम्बन्धी कार्य योजनाः-
१५. आर्थिक स्रोतहरुः-
  (क) क्याम्पस/शिक्षण संस्थाको आर्थिक स्रोतका प्रकारहरुः-
  (ख) क्याम्पस/शिक्षण संस्थाको अनुमानित वार्षिक आय व्यय (रुपैयाँमा):-
  (ग) प्रति विद्यार्थी वार्षिक शिक्षण तथा अन्य शुल्कः-

आवेदक

(क) क्याम्पस/शिक्षण संस्थाको नामः-

(ख) स्थापना मितिः-

(ग) ठेगानाः-

फोनः- टेलेक्सः- फ्याक्सः- इमेलः-

(घ) क्याम्पस/शिक्षण संस्थाको उद्देश्यः-

(ङ) यस क्याम्पस/शिक्षण संस्थाले पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरे पश्चात व्यवस्थापनमा हेरफेर, शिक्षण कर्मचारीहरुको परिवर्तन र अन्य कुनै प्रकारको मूलभूत परिवर्तन गर्दा सो कुराको सूचना तत्काले विश्वविद्यालयलाई दिइनेछ ।

(च) आवेदन दर्ता शुल्क र आवश्यक कागजात यसै साथ संलग्न छ ।

यसमा माथि लेखिएको व्यहोरा ठीक साँचो छ । कुनै विवरण झूठो भएको पाइएमा यस आवेदन पत्रलाई रद्द गरिएमा समेत हाम्रो पूर्ण मञ्जूरी छ ।

आवेदक क्याम्पस/शिक्षण संस्थाको तर्फबाट,-

नामः-

पदः-

दस्तखतः-

मितिः-

सम्पर्क ठेगानाः-

फोनः-

टेलेक्सः-

इमेलः-

फ्याक्सः-

अनुसूची -२

## (नियम ३ सँग सम्बन्धित)

## ϕसम्बन्धन प्राप्त गर्न चाहने र सम्बन्धन प्राप्त कलेजहरुले विश्वविद्यालयलाई तिर्नु पर्ने विभिन्न प्रकारका शूल्कहरु

**नोट :** मिति २०७९//०३/१४ मा सम्पन्न २२ औ साधारण सभा  र मिति २०७९/०५/२० गतेको पोखरा विश्वविद्यालय कार्यकारी परिषदको निर्णय अनुसार  शुल्कहरुमा परिमार्जन भएको हुँदा २०७९ सालपछि आवेदन दिने शिक्षण संस्थाहरुको लागि परिमार्जित शुल्कहरु नै लागू हुनेछ | परिमार्जन भएको शुल्कहरु समेत यसै साथ संलग्न गरिएको छ |

**१. सम्बन्धनका लागि आवेदन दर्ता शुल्क**

*(क) प्रथम पटक (नयाँ कलेजहरुको लागि)

| | |
|---|---|
| - साधारण तर्फ | रु. १,०००००|- |
| - प्राविधिक तर्फ | रु. १,५०,०००|- |
| ***(ख) थप शैक्षिक कार्यक्रम (सम्बन्धन प्राप्त कलेजका लागि)** | |
| - साधारण तर्फ | रु. १,०००००|- |
| - प्राविधिक तर्फ | रु. १,५०,०००|- |
| ❖ **(ग) सम्बन्धन प्राप्त कार्यक्रमको थप समूह र विद्यार्थी कोटा (सिट) थपको लागि** | |
| - साधारण तर्फ | रु. ५०,०००|- |
| - प्राविधिक तर्फ | रु. ६०,०००|- |

**२. धरौटी शुल्क**

*क) पहिलो पटक नयाँ कलेज सम्बन्धन गरेमा

| | |
|---|---|
| ●- साधारण तर्फ | रु. १०,००००००|- |
| - प्राविधिक तर्फ | रु. २०,००००००|- |
| ***ख) थप नयाँ शैक्षिक कार्यक्रम** | |
| ●- साधारण तर्फ | रु. ५,००००००|- |
| ϕ - प्राविधिक तर्फ | रु. १०,००००००|- |

**ϕ (ग) सम्बन्धन प्राप्त कार्यक्रमको थप समूहको लागि**

---

ϕ पहिलो संशोधनद्वारा संशोधित

* मिति २०५९।२।१५ को निर्णयानुसार संशोधन

● मिति २०५९।१०।५ को निर्णयानुसार थप तथा संशोधन

❖मिति २०७३।५।३ को निर्णयानुसार संशोधन

| | |
|---|---|
| - साधारण तर्फ | रु. ५,०००००।- |
| - प्राविधिक तर्फ | रु. १०,००००००।- |

❖ ३. **वार्षिक सम्बन्धन शुल्क प्रतिवर्ष प्रति विद्यार्थी** ( शैक्षिक सत्र २०७३।०७४ तथा फल सेमेष्टर २०१६ को भर्ना ब्याच देखि)

| | |
|---|---|
| - साधारण तर्फ | |
| मानविकी तथा सामाजिकशास्त्र सङ्काय | रु.४,०००।- |
| व्यवस्थापन सङ्काय | रु.५,०००।- |
| - प्राविधिक तर्फ | |
| विज्ञान तथा प्रविधि सङ्काय | |
| ईञ्जिनियरिङ्ग | रु.७,०००।- |
| स्वास्थ्य विज्ञान संकाय | |
| वि.एस्सी. नर्सिङ्ग | रु.८,०००।- |
| वि.फार्म, वि.एस्सी एम.एल.टी., वि.पि.एच तथा स्वास्थ्य विज्ञान कार्यक्रमसँग सम्बन्धित (एम.वि.वि.एस. र विडिएस बाहेक) कार्यक्रमको लागि | रु.७,०००। |

❖ ४. **विद्यार्थी रजिष्ट्रेशन (दर्ता) शुल्क (एक पटक मात्र)**

| | |
|---|---|
| प्रति विद्यार्थी | रु.४,०००।- |

**५. प्रति सेमेस्टर परीक्षा शुल्क**

| | |
|---|---|
| (क) स्नातक तह | |
| -साधारण तर्फ | रु.१,५००।- |
| -प्राविधिक तर्फ | रु.१,५००।- |
| (ख) स्नातकोत्तर तह | |
| -साधारण तर्फ | रु.२,०००।- |
| -प्राविधिक तर्फ | रु.२,०००।- |
| (ग) पिजि डिप्लोमा (कक्षागत) | रु.२,०००। |
| (घ) एमफिल (कक्षागत) | रु.३,५००। |
| (ङ) पिएचडी (कक्षागत) | रु.१५,०००। |

**®६. सम्भाव्यता अध्ययन शुल्क**

| | |
|---|---|
| - साधारण तर्फ | रु.४०,०००।- |
| - प्राविधिक तर्फ | रु.५०,०००।- |

**®७. प्राविधिक मूल्याङ्कन शुल्क (नयाँ कलेजको लागि)**

| | |
|---|---|
| - साधारण तर्फ | रु.३०,०००।- |
| - प्राविधिक तर्फ | रु.४०,०००।- |

**®८. प्राविधिक मूल्याङ्कन शुल्क (थप कार्यक्रम र समूहको लागि)**

| | |
|---|---|
| क) साधारण तर्फ | रु.३०,०००।- |
| ख) प्राविधिक तर्फ | रु.४०,०००।- |
| ♠ ग) विद्यार्थी कोटा थप र साधारणतर्फ थप समूहको लागि भौतिक सुविधा निरीक्षण शुल्क | रु.३०,०००।- |

● मिति २०५९।१०।५ को निर्णयानुसार थप तथा संशोधन

® मिति २०६९।१२।१२ को निर्णयानुसार संसोधन

•९. कलेजको नाम परिवर्तन शुल्क रु.५०,०००।-

θ १०. क) कलेजको स्थान परिवर्तन शुल्क रु.१,००,०००।-

θθ ख) कलेजको स्थान परिवर्तन विलम्ब शुल्क रु.२,००,०००।-

✓११. निरीक्षण शुल्क (वार्षिक प्रति कलेज) रु.५०,०००।-

✓१२. शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन शुल्क (वार्षिक प्रति विद्यार्थी) रु.१,०००।-

✓१३. अनुसन्धान शुल्क (वार्षिक प्रति कार्यक्रम प्रति कलेज) रु.५,०००।-

---

❖ मिति २०७३।५।३ को निर्णयानुसार संशोधन

✓ मिति २०७३।५।३ को निर्णयानुसार थप व्यवस्था

♠ चौथो संशोधनद्वारा संशोधित

θ मिति २०७४।१।१४ को निर्णयानुसार संशोधन

θ θ मिति २०७४।१।१४ को निर्णयानुसार थप

✓ मिति २०७३।५।३ को निर्णयानुसार थप व्यवस्था

θ मिति २०७४।१।१४ को निर्णयानुसार संशोधन

θ θ मिति २०७४।१।१४ को निर्णयानुसार थप

## मिति २०७९//०३/१४ मा सम्पन्न २२ औ साधारण सभाको निर्णय अनुसार परिमार्जन भएका शुल्कहरु:

| शिर्षक | पुरानो शुल्क | परिमार्जित शुल्क |
|---|---|---|
| **१.सम्बन्धनका लागि आवेदन दर्ता शुल्क** | | |
| (क) प्रथम पटक (नयाँ कलेजहरुको लागि) | | |
| - साधारण तर्फ | रु १,००,०००। | रु ४,००,०००। |
| - प्राविधिक तर्फ | रु १,५०,०००। | रु ६,००,०००। |
| (ख) थप शैक्षिक कार्यक्रम (सम्बन्धन प्राप्त कलेजको लागि ) | | |
| - साधारण तर्फ | रु १,००,०००। | रु ३,००,०००। |
| - प्राविधिक तर्फ | रु १,५०,०००। | रु ४,५०,०००। |
| (ग) सम्बन्धन प्राप्त कार्यक्रमको थप समूह र विद्यार्थी कोटा थपको लागि | | |
| - साधारण तर्फ | रु ५०,०००। | रु १,५०,०००। |
| - प्राविधिक तर्फ | रु ६०,०००। | रु १,८०,०००। |
| **२. धरौटी शुल्क** | | |
| (क) पहिलो पटक नयाँ कलेज सम्बन्धन गरेमा | | |
| - साधारण तर्फ | रु १०,००,०००। | रु २०,००,०००। |
| - प्राविधिक तर्फ | रु २०,००,०००। | रु ४०,००,०००। |
| (ख) थप नयाँ शैक्षिक कार्यक्रम | | |
| - साधारण तर्फ | रु ५,००,०००। | रु १०,००,०००। |
| - प्राविधिक तर्फ | रु १०,००,०००। | रु २०,००,०००। |
| (ग) सम्बन्धन प्राप्त कार्यक्रमको थप समूहको लागि | | |
| - साधारण तर्फ | रु ५,००,०००। | रु १०,००,०००। |
| - प्राविधिक तर्फ | रु १०,००,०००। | रु २०,००,०००। |
| **६. सम्भाव्यता अध्ययन शुल्क** | | |
| - साधारण तर्फ | रु ४०,०००। | रु १,२०,०००। |
| - प्राविधिक तर्फ | रु ५०,०००। | रु १,५०,०००। |
| **७. प्राविधिक मुल्यांकन शुल्क ( नयाँ कलेजका लागि )** | | |
| - साधारण तर्फ | रु ३०,०००। | रु ९०,०००। |
| - प्राविधिक तर्फ | रु ४०,०००। | रु १,२०,०००। |
| **८. प्राविधिक मुल्यांकन शुल्क ( थप कार्यक्रम र समुहका लागि )** | | |
| क) साधारण तर्फ | रु ३०,०००। | रु ९०,०००। |
| ख) प्राविधिक तर्फ | रु ४०,०००। | रु १,२०,०००। |
| ग) विद्यार्थी कोटा थप र साधारणतर्फ थप समूहको लागि भौतिक सुविधा निरीक्षण शुल्क | रु ३०,०००। | रु ९०,०००। |

## मिति २०७९/०५/२० गतेको पोखरा विश्वविद्यालय कार्यकारी परिषदको निर्णय अनुसार परिमार्जन भएका शुल्कहरु :

अनुसूची -२

(नियम ३ सँग सम्बन्धित)

सम्बन्धन प्राप्त गर्न चाहने र सम्बन्धन प्राप्त कलेजहरुले विश्वविद्यालयलाई तिर्नु पर्ने विभिन्न प्रकारका शूल्कहरु

१) वार्षिक सम्बन्धन शुल्क प्रतिवर्ष प्रति विद्यार्थी

- साधारण तर्फ
    - मानविकी तथा सामाजिकशास्त्र सङ्काय — रु.५,०००।-
    - व्यवस्थापन सङ्काय — रु.६,२००।-
- प्राविधिक तर्फ
    - विज्ञान तथा प्रविधि सङ्काय
    - ईञ्जिनियरिङ्ग — रु.८,७००।-
    - स्वास्थ्य विज्ञान संकाय
    - वि.एस्सी. नर्सिङ्ग — रु.१०,०००।-
    - वि.फार्म, वि.एस्सी एम.एल.टी., वि.पि.एच तथा स्वास्थ्य विज्ञान कार्यक्रमसँग सम्बन्धित (एम.वि.वि.एस. र विडिएस बाहेक) कार्यक्रमको लागि — रु.८,७००।

२) विद्यार्थी रजिष्ट्रेशन (दर्ता) शुल्क (एक पटक मात्र) प्रति विद्यार्थी — रु.१०,०००।-

३) शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन शुल्क (वार्षिक प्रति विद्यार्थी) — रु.३,०००।-

४) अनुसन्धान शुल्क (वार्षिक प्रति कार्यक्रम प्रति कलेज) — रु.१०,०००।-

अनुसूची-३
(नियम १२ को उपनियम (२) सँग सम्बन्धित)

**POKHARA UNIVERSITY**

# OFFICE OF THE CONTROLLER OF EXAMINATIONS

## Application Form for the Registration

Registration Number

**Faculty ............................................ Level .......................... Program ..................................................**

Name of the Student (In Block Letter) Mr./Ms./Mrs.

First Name Middle Name Last Name

देवनागरीमा श्री/श्रीमती/सुश्री

| Date of birth according to the Secondary level certificate or equivalent | | Year | Month | Day |
|---|---|---|---|---|
| | In BS | | | |
| | In AD | | | |

Nationality ........................................................ Religion ...................................................................................

Father's Name

Mailing Address (Town/Village) ..................................................................................... Ward No. ..........

District ........................................................................... Zone .................................................

Examination Passed

| Examination | Board or University | Year | Total Marks | Marks Obtained | Division | Roll No. or Symbol No. |
|---|---|---|---|---|---|---|
| Secondary or Equivalent | | | | | | |
| Higher Secondary or Equivalent | | | | | | |
| Bachelor | | | | | | |
| Others | | | | | | |

I declare that the particulars given above are correct. If found incorrect, any action to be taken against me by the Controller of the Examinations shall be acceptable.

Student's Signature
Date:

---

### TO BE FILLED BY THE COLLEGE

The college accepts this application only after checking the original certificates and mark sheets of the student. I certify that the documents produced by the student have been properly verified and the particulars urnished are accurate to the best of my knowledge.

_________ ______________

Checked by Head of Institute
Date: Name of Institute Office Seal Date:

अनुसूचि-४

## पोखरा विश्वविद्यालय

# सम्बन्धन प्राप्त कलेजले पालन गर्नुपर्ने सर्तहरु

१. कलेजले विश्वविद्यालयले दिएका सुझावहरु (recommendations) कार्यान्वयन गर्नुपर्नेछ ।

२. कलेजले "विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेज(महाविद्यालय) सम्बन्धी नियमहरु" पालन गर्नुपर्नेछ ।

३. विद्यार्थी भर्नाका न्यूनतम योग्यता र आधार विश्वविद्यालयले निर्धारण गरेअनुसार हुनेछ ।

४. कलेजले विश्वविद्यालयले तोकेको संख्यामा विद्यार्थी भर्ना गर्नुपर्नेछ ।

५. कलेजले भर्ना भएका विद्यार्थीहरुमध्ये ५% लाई छात्रवृत्ति प्रदान गर्नुपर्नेछ र यस्तो छात्रवृत्ति दिंदा पश्चिमाञ्चल क्षेत्रका विद्यार्थीहरुलाई प्राथमिकता दिनुपर्नेछ । ( तेस्रो संशोधनद्वारा संशोधन हुँदा सम्बन्धन प्राप्त कलेज वा शिक्षण संस्थाले स्वीकृत विद्यार्थी संख्याको कम्तीमा **दश** प्रतिशत विद्यार्थीलाई छात्रबृत्ति उपलब्ध गराउनु पर्ने भएको ।)

६. कलेजले ट्युशन शुल्क थपघट गर्नुपूर्व विश्वविद्यालयसँग अनुमति लिनुपर्नेछ ।

७. कलेजले विश्वविद्यालयले निर्धारण गरेका norms / sandards अनुरुप कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

८. कलेजले विश्वविद्यालयले निर्धारण गरेका कार्यतालिका, पाठ्यक्रम र मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्नेछ ।

९. कलेजले विश्वविद्यालयले निर्धारण गरेको ढाँचामा विद्यार्थीहरुको प्रगति मूल्याङ्कन गर्ने र सोको अभिलेख राख्ने गर्नुपर्नेछ ।

१०. कलेजले विद्यार्थीबाट असूल गर्ने विश्वविद्यालय रजिष्ट्रेशन (दर्ता) शुल्क, परीक्षा शुल्क, प्रमाणपत्र शुल्क र तोकिएका अन्य शुल्क अविलम्ब विश्वविद्यालयमा पठाउनुपर्नेछ ।

११. कलेजले सम्बन्धन प्राप्त गरेवापत विश्वविद्यालयलाई तोकिएको वार्षिक सम्बन्धन शुल्क बुझाउनुपर्नेछ ।

१२. कलेजले आफ्ना शिक्षकहरुका निम्ति सेमिनार, गोष्ठी, तालिम जस्ता वृत्ति विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

१३. कलेजका शिक्षकहरु विश्वविद्यालयका निकायहरु (जस्तैः विश्वविद्यालय सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्या परिषद्, विषय समिति, परीक्षा समिति आदि) मा मनोनित वा छनोट भएमा सो निकायको कार्यमा भाग लिन पठाउनुपर्नेछ ।

१४. विश्वविद्यालयले आफैले आयोजना गरेका गोष्ठी, कार्यशाला, तालिम र परीक्षा सम्बन्धी कार्यमा भाग लिनका लागि कलेजका शिक्षकहरुलाई छनोट गरेमा कलेजले ती शिक्षकहरुलाई उक्त कार्यमा भाग लिन पठाउनुपर्नेछ ।

१५. विश्वविद्यालयबाट सञ्चालन गरिने परीक्षाका लागि कलेजले आफ्नो सभाकक्ष, कक्षाकोठा, प्रयोगशाला, कार्यशाला, उपकरणहरु र अन्य भौतिक सुविधा निशुल्क उपलब्ध गराउनुपर्नेछ ।

१६. कलेजले शिक्षक, विद्यार्थी र कर्मचारीलाई प्राज्ञिक प्रोफेसनल मर्यादा पालन गर्नका लागि आचारसंहिता बनाई लागु गर्नुपर्नेछ ।

१७. कलेजले विश्वविद्यालयले मागेको सूचना र तथ्याङ्क उपलब्ध गराउनुपर्नेछ ।

१८. कलेजले मान्यता प्राप्त लेखा परीक्षकबाट आम्दानी खर्चको लेखा परीक्षण गराई सोको प्रतिवेदन विश्वविद्यालयलाई गराउनुपर्नेछ ।

१९. कलेजले पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरिसकेपछि अन्य विश्वविद्यालयबाट सम्बन्धन लिई शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउनेछैन ।